# गण्डकी गाउँपालिका
Gandaki Rural Muncipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा
Bhumlichok, Gorkha

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०७९।८०
चलानी नम्बर : ८२०

फोन नं. : ९८५६०१०९७६
**Email:** gandakirm@gmail.com
**Website:** www.gandakimun.gov.

मितिः २०७९/०७/३०

श्री वाई.पी. ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.,
रामपुर-०५,पाल्पा ।

**विषयः सम्झौता गर्न आउने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा, यस गण्डकी गाउँपालिकाको वडा नं. ७ चुर्लिङ-चिप्लेटी सडक स्तरोन्नति निर्माण कार्य ठेक्का पक्रिया मार्फत गर्ने सन्दर्भमा प्रकाशित ठेक्का नं. GRM/WORKS/NCB/02/2079/80 अनुसारको सूचना बमोजिम पर्न आएको बोलपत्र मध्ये त्यस फर्मको नामवाट पेश हुन आएको कवोल अंक (भ्याट सहित) रु.५०,७८,०८७।४१ (पचास लाख अठहत्तर हजार सतासी रुपया पैसा एकचालिस) मात्र भएको बोलपत्र न्यूनतम् मुल्याँकित सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्र स्वीकृत गर्न छनौट गरी मिति २०७९/०७/२१ गतेको राष्ट्रिय दैनिक पत्रिकामा ७ दिने आशयको सूचना प्रकाशित हुँदा कोही कसैवाट कुनै दावी विरोध हुन नआएकोले कार्यालयको मिति २०७९/०७/३० को निर्णयानुसार बोलपत्र स्वीकृत गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ को उपदफा ४ बमोजिम त्यस फर्मवाट लागत अनुमानको आधारमा १५ प्रतिशत भन्दा बढी अंक घटेर कवोल गरेको पाइएकोले सो बमोजिम हुने रकम रु. ७,३६,७०१।३९ (सात लाख छतिस हजार सात सय एक रुपया पैसा उन्नचालिस) घटी नहुने गरी सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) को नियम ११० मा तोकिए बमोजिम म्याद समाप्त हुने अन्तिम मितिले कम्तिमा १३ महिना भन्दा बढी अवधि मान्य हुने गरी यस कार्यालयको नाममा **वाणिज्य बैंक वा ग्यारेन्टी जारी गर्न अधिकार प्राप्त वितिय संस्थावाट** बैंक ग्यारेन्टी बनाई बैंक ग्यारेन्टी पत्रको सक्कलै प्रति सहित पत्रका मितिले १५ (पन्द्र) दिन भित्र सम्झौता गर्न आउनु हुन जानकारी गराईन्छ । तोकिएको समय भित्र र प्रक्रिया पुरा भई सम्झौता गर्न नआएमा प्रचलित सार्वजनिक खरिद ऐन, मियम बमोजिम भई जाने व्यहोरा यसै पत्र साथ सूचित गरिन्छ ।

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत